बैठक मितिः २०८०/०६/२४

बैठक सङ्ख्याः ११

छलफल तथा निर्णयः

१. राष्ट्रिय योजना आयोग (गठन तथा सञ्चालन) आदेश, (संशोधन सहित) २०७४ को समसामयिक सुधारको लागि आयोगका माननीय सदस्यज्यूको संयोजकत्वमा गठित कार्यदलले वुझाएको प्रतिवेदनलाई आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गर्ने र उक्त मस्यौदामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयमा सहमतिको लागि पठाउने।

२. राष्ट्रिय योजना आयोगलाई प्रभावकारी एवम् स्थायी समन्वयकारी निकायको रूपमा विकास गर्न ऐन द्वारा व्यवस्थित गर्नु पर्ने भएकोले राष्ट्रिय योजना आयोग विधेयक तर्जुमाको अवधारणा पत्रको सैदान्तिक स्वीकृतिको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. ठुला विकास आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्न उक्त आयोजनाहरूको कार्यान्वयनमा समन्वय र सहजीकरणलाई प्रभावकारी वनाउने उद्देश्यले आयोगले तयार पारेको “ठुला आयोजना कार्यान्वयन सहजीकरण कार्यविधि, २०८०” स्वीकृत गरी उक्त कार्यविधिमा सहमति उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयमा लेखी पठाउने।

४. विभिन्न चरण पछि तयार भएको सोह्रौ योजनाको प्रारम्भिक मस्यौदाको सम्पादन गर्न आयोगका माननीय सदस्य डा. राम कुमार फुयाल र माननीय सदस्य डा. रमेश चन्द्र पौडेललाई जिम्मेवारी दिने र सम्पादन पश्चात छपाई गरी सरोकारवालासँग छलफल गर्ने।